महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

# प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार ०७ गते बुधवार

महालेखापरीक्षकज्यूबाट महालेखापरीक्षकको परामर्शमा नियूक्त भएका लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा लेखापरीक्षण गर्दा संस्थाको उद्देश्य हासिल भए नभएको, व्यवस्थापकका कारण संस्थालाई घाटा परेको नपरेको, प्रशासनिक खर्च के कारणले बढेको, सेवाप्रवाह प्रभावकारी र विश्वसनिय भए नभएको, संस्थाका सम्पत्तिहरुको उपयूक्त व्यवस्थापन भए नभएको, वित्तिय अनुशासनको परिपालना भए नभएको सम्वन्धमा परीक्षण गर्नुपर्ने र लेखापरीक्षण ऐनमा उल्लेखित विषयको पूर्ण पालना गरी लेखापरीक्षण गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा महालेखापरीक्षकज्यूवाट वित्तिय लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षण दुबै गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो । यसैगरी लेखापरीक्षण गर्दा अपनाउनुपर्ने आचारसंहिताको बारेमा पूर्ण जानकारी राखी जिम्मेवार र जवाफदेही बन्नुपर्ने र जिम्मेवार पदाधिकारीको पहिचान गर्नुपर्ने कुराको स्मरण गराउनु भयो ।

............
उद्धवचन्द्र श्रेष्ठ
नायव महालेखापरीक्षक